मध्यपश्चिम विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
**मौका परीक्षा २०८०**

**विषय: नेपा.५३३ पाश्चात्य साहित्यको रूपरेखा** पूर्णाङ्क: ६०

**तह स्नातकोत्तर** सेमेष्टर: तेस्रो समय: ३ घण्टा उत्तीर्णाङ्क : ३०

*परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर लेख्नुपर्नेछ।*

**तल दिइएका प्रश्नहरूको अतिसंक्षिप्त उत्तर दिनुहोस् :** १०×१=१०

१. वर्डस्वर्थ र पि.वी. सेली कुन धाराका कवि हुन् ?

२. गेटे र पुस्किन कुन कुन देशका कवि हुन् ?

३. एडगर एलेन पो र वाल्ट ह्विटम्यान कुनकुन विधामा बढी चर्चित साहित्यकार हुन् ?

४.महाकवि होमरका दुई महाकाव्यहरूको नाम लेख्नुहोस्।

५. सोफोक्लिज र युरिपाइडिज कुन विधाका चर्चित लेखक हुन् ?

६. ग्रिसेली नाट्यपरम्परामा सुखान्त नाटक लेख्ने चर्चित नाटककार को हुन् ?

७. ग्रिसेली साहित्यमा गीतकारका रूपमा प्रसिद्धि कमाएकी नारी स्रष्टा को हुन् ?

८ .दाँते कुन देशका कवि हुन् ?

९. पाब्लो नेरुदा र ग्याब्रियल मिस्राल कुन विधाका चर्चित स्रष्टा हुन् ?

१०. विश्वप्रसिद्ध आख्यानात्मक कृति 'आमा' का रचनाकार को हुन् ?

**कुनै तीन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :** ३×८=२४

११. अस्तित्ववादी र विसङ्गतिवादी धाराको परिचय दिई त्यसमा फ्रान्ज काफ्का र ज्याँ पाल सार्त्रले पुर्‍याएको योगदानको चर्चा गर्नुहोस्।

१२. रुसी आख्यानकार लियो टल्सटाय र म्याक्सिम गोर्कीको आख्यानकारितामाथि प्रकाश पार्नुहोस्।

१३. फ्रान्सेली आख्यानकार वाल्जाक र भिक्टर ह्युगोको आख्यानकलाको तुलनात्मक समीक्षा गर्नुहोस्।

१४.स्वच्छन्दतावादी धाराको छोटो परिचय दिई सो धाराका प्रमुख विशेषताहरू पनि उल्लेख गर्नुहोस्।

**कुनै दुई प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् :** २×१३=२६

१५. मध्ययुगको धार्मिक आध्यात्मिक तथा रोमान्सेली धाराका प्रमुख प्रवृत्तिहरू देखाई इटालेली कवि दाँतेको योगदानबारे चर्चा गर्नुहोस्।

१६. प्राचीनयुगको परिष्कारवादी धाराका मूलभूत प्रवृत्तिहरू केलाई ग्रिसेली महाकवि होमरको योगदानमाथि प्रकाश पार्नुहोस्।

१७. पुनर्जागरणकालीन पूर्वस्वच्छन्दतावादी धाराका रचनामा पाइने साहित्यिक विशेषताहरू देखाउँदै अङ्ग्रेजी नाटककार सेक्सपियरले नाट्यक्षेत्रमा पुर्‍याएको योगदानको लेखाजोखासमेत गर्नुहोस्।